महाभारत गाउँपालिका
Mahabharat Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
देविटार, काभ्रेपलाञ्चोक
Devitar, Kavrepalanchok
स्था: २०७३ / Estd.: 2073
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प. सं./Letter No. २०८१/०८२
च. नं./Ref. No.:- ९८३६

मितिः२०८१/११/०५
ने.सं. ११४५ सिल्लागा ५ सोमबार

श्री वडा कार्यालयहरु (सबै),
महाभारत गाउँपालिका।

**विषयः आवश्यक कार्यार्थ पठाईएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस महाभारत गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बमोजिम मिति २०८१/०९/२३ को निर्णय कार्यान्वयन सम्बन्धि विषय यहाँहरुलाई सर्वविदितै छ। साथै उक्त परिपत्र बमोजिम नियमन तथा व्यवस्थापन गर्ने कार्य अगाडि बढिरहेकै हुनुपर्दछ। प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा -९ को उपदफा (१) मा आर्थिक वर्ष २०८१/०८२ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर सङ्कलनमा अनुसूची ५ बमोजिम शुल्क लगाइने असुल उपर गरिनेछ, उपदफा (२) मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन प्रशोधनमा विक्री वितरण गर्दा प्रचलित कानून उल्लङ्घन गरेको पाएमा अनुसूची-६ बमोजिम जरिवाना लगाइने र असुल उपर गरिने व्यवस्था रहेको छ। यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको च.नं. ३६९९, मिति २०८१/११/०४ मा आवश्यक कार्यार्थ पठाईएको परिपत्रमा महाभारत गाउँपालिका क्षेत्रभित्रको वडा नं. १, ६, ८ लगायत अन्य वडाहरुमा समेत ढुङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक स्रोत साधनको अवैध उत्खनन्, बेचबिखन तथा ओसारपसार भइरहेको भन्ने गुनासो सहितको पत्र प्राप्त भएकोले प्रदेश सरकारको आर्थिक ऐन बमोजिम नियमन तथा व्यवस्थापन गर्न आवश्यक कार्यार्थ पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ। उक्त विषयमा आफ्नो कार्यक्षेत्र भित्र अवैध र गैरकानुनी कार्य भए नभएको तत्काल अनुगमन तथा नियमनको व्यवस्था गरी लिखित रुपमा गाउँपालिकामा जानकारी गराउनु हुन अनुरोध छ।

राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत
राम बहादुर तामाङ
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री जिल्ला प्रशासन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक
श्री इलाका प्रहरी कार्यालय, महाभारत-६ देविटार
श्री इलाका प्रहरी कार्यालय, महाभारत- १ गोकुले
श्री फोक्सिङटार प्रहरी चौकी, महादेवटार
श्री सबै सम्बद्ध सरोकारवाला निकायहरु।

URL: www.mahabharatmun.gov.np Phone No.: 9866294010 E-mail: ito.mahabharatmun@gmail.com

CamScanner